म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ | अङ्क:- ९८ | २०८० फागुन १४ गते सोमबार 26 February 2024, Monday - | पृष्ठ ४ | मूल्य रु. ५/-

## लागुऔषधसहित दुलाल पक्राउ

हेटौँडाः मकवानपुर प्रहरीले लागुऔषधसहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको बागमती गाउँपालिका-८ का तारानाथ दुलाल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ । शनिबार राति ११ बजेर ५० मिनेटको समयमा हेटौँडा-१०, बसपार्कबाट दुलाललाई विभिन्न लागुऔषधसहित पक्राउ गरेको हो । प्रहरीले सुरक्षाजाँच गर्दा दूलालको साथबाट लागुऔषध नाईट्रोभेट १० ट्याब्लेट-२ पत्ता (३० ट्याब्लेट), ट्रामाडोल ट्याब्लेट-३ पत्ता (२४ ट्याब्लेट) फेला पारेको जनाएको छ । दुलाललाई लागुऔषधसहित नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यायल मकवानपुरमा राखिएको जनाएको छ ।

# दादुरा-रुबेला विरुद्धको खोप लगाउन सुरु



*हेटौँडा-५, गर्दोईस्थित लक्ष्मी आधारभूत विद्यालयमा खोप लगाउँदै स्वास्थ्यकर्मी ।*

समाज संवाददाता

हेटौँडाः दादुरा-रुबेला विरुद्धको खोप लगाउने कार्य आइतबारबाट सुरु भएको छ । राष्ट्रिय कार्यक्रमको रुपमा खोप कार्यक्रम सुरु भएको हो । खोप अभियानअन्तर्गत जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले आइतबार हेटौँडा-९ स्थित रस्सल एकेडेमीमा रहेको खोप केन्द्रबाट औपचारिक रुपमा खोप कार्यक्रमको शुभारम्भ गरिएको छ ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्य तथा प्रमुख जिल्ला अधिकारी सूर्य प्रसाद सेडाई, वडाअध्यक्ष सुकराम केसीको उपस्थितिमा खोप कार्यक्रमको उद्घाटन भएको हो । फागुन १९ गते शनिबारसम्म मकवानपुरको ५ सय २० वटा खोपकेन्द्रमा ९ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई दादुरा-रुबेला खोप लगाईने छ ।

दादुरा-रुबेला खोप अभियानमा हेटौँडामा एक सय २८ वटा, थाहा नगर पालिकामा ४३ वटा, इन्द्रसरोवर गाउँपालिकामा १६ वटा, भीमफेदी गाउँपालिकामा ३८ वटा, कैलाश गाउँपालिकामा ५१ वटा खोपकेन्द्र कायम गरिएको छ । यस्तै मनहरी गाउँपालिकामा ४८ वटा, रक्सिराङ गाउँपालिकामा ५३ वटा, मकवानपुरगढी गाउँपालिकामा ३९ वटा, बकैया गाउँपालिकामा ५४ वटा र बागमती गाउँपालिकामा ५० वटा खोपकेन्द्र तोकिएको छ ।

### आउँदो शुक्रबार हेटौँडा रन हुँदै

# ५ किलोमिटर दौडेर ६० हजार जित्ने अवसर




*हेटौँडा रन बारे पत्रकार सम्मेलन गरेर जानकारी गराउँदै ।*

समाज संवाददाता

हेटौँडाः आउँदो शुक्रबार हेटौँडामा खुल्ला राष्ट्रिय पुरुष हेटौँडा रन प्रतियोगिता हुने भएको छ । यसअघि जिललास्तरीय दौडको रुपमा आयोजना गरिएको हेटौँडा रनलाई यो वर्ष खुला गरिएको छ । नगर खेलकुद विकास समितिको आयोजना तथा हेटौँडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा प्रतियोगिता हुन लागेको हो ।

यस वर्ष पुरस्कार राशी बढाइएको छ । प्रतियोगितामा ५ किलोमिटरको दूरी पार गरेर प्रथम हुने खेलाडीले ६० हजार रुपैयाँ प्राप्त गर्नेछ । खेलाडीले पार गर्नुपर्ने दूरीका आधारमा यो आकर्षक पुरस्कार राशी हो । प्रतियोगितामा द्वितीय हुनेले ५० हजार रुपैयाँ र तृतीय हुनेले ४० हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् भने प्रोत्साहन स्वरुप २ जनालाई १०/१० हजार रुपैयाँ नगर राशी प्रदान गरिने छ । गत वर्ष प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ५०, ४० र ३० हजार रुपैयाँ प्राप्त गरेका थिए । सान्त्वना भने समान १० हजार रुपैयाँ नै रहेको छ । गत वर्ष हेटौँडा-१४ का उमेश गोङ्बा प्रथम, हेटौँडा-१४ कै सञ्जीव मिजार द्वितीय, हेटौँडा-९ का सनिश तामाङ तृतीय भएका थिए भने हेटौँडा-१४ का सुमन आले मगर र हेटौँडा-४ का निशान श्रेष्ठ सान्त्वना भएका थिए ।

आइतबार पत्रकार सम्मेलनको आयोजना गर्दै नगर खेलकुद विकास समितिका अध्यक्ष रविन्द्र प्रसाद घिमिरेले आउँदो शुक्रबार हुने प्रतियोगिताको बारेमा जानकारी दिनुभएको छ । प्रतियोगितामा १६ वर्ष भन्दा अधिक उमेर समुहका पुरुष सहभागी हुने पाउने अध्यक्ष घिमिरेले बताउनुभयो । युवा र खेलकुद क्षेत्रको विकास गर्ने उद्देश्यले हेटौँडा उपमहानगरपालिकाले प्रत्येक वर्ष करोडौं वजेट विनियोजन र योजना कार्यान्वयन गर्दै आएको उहाँले बताउनुभयो । हेटौँडा बजारको बुद्धचोकबाट कान्तिराजपथतर्फ पिप्लेसम्म पुगेर पुनः बुद्धचोकमा फर्केर ५ किलोमिटर दौड पूरा हुनेछ ।

प्रतियागिता आयोजनाका लागि करिब ४ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । पत्रकार सम्मेलनमा नगर खेलकुद विकास समितिका सदस्यहरुको पनि उपस्थिति रहेको थियो । नगर खेलकुद विकास समितिमा मनोनित भएपछि घिमिरे नेतृत्वको समितिले पहिलो औपचारिक कार्यक्रमको रुपमा पत्रकार सम्मेलन आयोजना गरेको हो ।

# बजेटमाथि सहमति नजुटेपछि सर्वदलीय बैठक स्थगित

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको आइतबार बसेको सर्वदलीय बैठक स्थगित भएको छ । बागमती प्रदेश सरकार र प्रतिपक्ष दलहरुबिच बजेटमाथि सहमति नजुटेपछि बैठक स्थगित भएको हो ।

सरकार र प्रतिपक्षबिच भएको विगतको बजेटमाथिको सहमति नभएपछि बैठक स्थगित भएको छ । मंगलबार बिहान ८ बजे पुनः सर्वदलीय बैठक बस्ने गरी आइतबारको बैठक स्थगित भएको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले आइतबारको छलफलमा संसद् सञ्चालनको विषयसहित अन्य विषयहरुमा छलफल भए पनि सहमति जुट्न नसकेको बताउनुभएको छ । उहाँले सदन सञ्चालनको विषयमा सबै दलहरु सकारात्मक रहे पनि अन्य विषयमा भने सहमति जुट्न नसकेको जानकारी दिनुभयो ।

आइतबारको सर्वदलीय बैठकपछि मुख्यमन्त्री जम्कट्टेलले संसद् र संसदीय समितिको नेतृत्वका विषयमा पनि दलहरुबिचको समस्या समाधान भएको बताउनुभयो । उहाँका अनुसार सरकार र प्रतिपक्ष दलबिचको सहमति र बजेटमाथिको विवाद भने मिल्न नसकेको हो । सो विषयमा अन्य विकल्पमा सहमति खोज्ने प्रयास जारी रहेको उहाँको भनाइ छ ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेता तथा प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारले संसद् सञ्चालन र विपक्षी दलहरुबिचको सहमति कार्यान्वयनमाथिको छलफल सकारात्मक रहेको बताउनुभयो । आइतबारको छलफलले सरकार र प्रतिपक्षबिचको असमझदारीहरु चिर्ने प्रयत्न गरेको बताउँदै मंगलबार बस्ने सर्वदलीय बैठकले सरकार र प्रतिपक्षबिचको बजेट तथा अन्य सहमतिका सन्दर्भमा आवश्यक निर्णयसहित प्रदेशसभा बैठकको निरन्तर सञ्चालन हुने वातावरण निर्माण हुने उहाँको भनाइ छ ।

विपक्षी दल नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले छलफलमा सहमति जुट्न नसकेको टिप्पणी गर्नुभयो । सरकार र प्रतिपक्षबिचको सहमतिका विषयमा गम्भीररुपमा छलफल जारी रहेको उहाँले बताउनुभयो । प्रदेशलाई समृद्ध बनाउने विषयमा प्रतिपक्ष गम्भीर भएर अघि बढे पनि सरकार गम्भीर हुन नसकेकोप्रति आफूहरुले आपत्ति जनाएको उहाँको भनाइ छ । मंगलबार बस्ने बैठकमा सभामुख भुवनकुमार पाठक र बजेटका सन्दर्भमा प्रक्रिया अघि बढाउने कर्मचारीहरुसहित संसद्का सबै दलहरुको सहभागिता रहनेछ । बैठकमा सत्तापक्ष र विपक्षी दलहरुबिचको सहमति, अन्तर्द्वन्द्वलाई समाधान गर्ने प्रयास हुनेछ ।

### नेपाल रेडक्रस सोसाइटी मकवानपुरको साधारणसभा

# विभिन्न व्यक्ति र संघ, संस्था सम्मानित

समाज संवाददाता

हेटौँडाः नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाको ५४ औं वार्षिक साधारणसभा आइतबार सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाइटी बसामाडी उपशाखाको आतिथ्यमा भएको साधारणसभामा विभिन्न व्यक्ति, संघ, संस्था सम्मानित भएको छ ।

रेडक्रस सोसाइटीले हेटौँडा-४ का गौतम मानन्धरलाई सम्मान गरेको छ । ६८ पटक रक्तदान गर्नुभएका मानन्धरलाई सम्मान गरिएको हो । २८ पटक रक्तदान गर्ने मकवानपुरगढी गाउँपालिकाकी कल्पना श्रेष्ठ र २१ पटक रक्तदान गर्ने हेटौँडा-११ का दुर्लभ रक्तदाता विजय पराजुलीलाई सम्मान गरिएको छ । कार्यक्रममा जिल्लाको उत्कृष्ट उपशाखाको रुपमा फापरबारी उपशाखालाई सम्मान गरिएको छ ।

कार्यक्रममा हेटौँडाको बालजागृति इंग्लिस सेकेण्डरी स्कूल उत्कृष्ट युवा सर्कलमा सम्मानित भएको छ । यस्तै, उत्कृष्ट शिक्षक नायकमा रुपचन्द्र गोपाली, उत्कृष्ट कर्मचारीमा रेड्क्रस सोसाइटी मकवानपुरका लेखा प्रमुख रामजीप्रसाद खतिवडा, उत्कृष्ट स्वयंसेवकमा हिक्मत श्रेष्ठ र उत्कृष्ट संरक्षकमा वंशगोपालका प्रधानाध्यापक रमेशप्रसाद लामिछानेलाई सम्मान गरिएको छ । यस्तै गत वर्ष सबैभन्दा बढी रगत संकलन गर्ने गरी रक्तदान कार्यक्रमको आयोजना गर्ने हेटौँडा-९ को विश्व सु-समचार समाज परमेश्वरको मण्डली, (१५८ युनिट), लायन्स क्लब अफ हेटौँडा मुक्तिनाथ (५७ युनिट) र बस्तीपुर जेसिज हाँडीखोला (५५ युनिट) लाई पनि सम्मान गरिएको छ ।

साधारण सभाको अवसरमा एक करोड अक्षयकोष अभियानको स्थापना गरेको छ । मकवानपुर जिल्ला शाखाले मकवानपुरका बासिन्दाका लागि निःशुल्क रगत वितरण गर्नका लागि ५१ हजार एक सय ११ रुपैयाँ अक्षयकोष हस्तान्तरण गरेको छ । यस्तै कार्यक्रममा हेटौँडा उपमहानगरपालिका-४ उपशाखाका सचिव हिक्मत श्रेष्ठले १५ हजारको चेक हस्तान्तरण गर्नु भयो ।

नेपाल रेडक्रस सोसाइटी मकवानपुरका सभापति लालबहादुर थापाको सभाध्यक्षता तथा केन्द्रिय अध्यक्ष डा. सुदर्शन प्रसाद नेपालको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो । कार्यक्रममा नेपाल रेडक्रस सोसाईटीका कोषाध्यक्ष बीर बहादुर बस्नेत र जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष ललित घलानको विशिष्ट आतिथ्य रहेको थियो ।

# मनहरी र कैलाशमा अफिम खेती फडाँनी गर्न प्रहरी परिचालन

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिका र कैलाश गाउँपालिकामा लागुऔषध अफिम खेती फँडानीका लागि प्रहरी परिचालन भएको छ । शनिबार दुई पालिकाको छुट्टाछुट्टै स्थानमा ४५ जनाको प्रहरी टोली अफिम खेती फँडानीका लागि खटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मनहरी-६ को विभिन्न स्थानहरुमा इलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरी सहायक निरीक्षक दिनेश थापाको कमाण्डमा १५ जनाको प्रहरी टोली खटिएको छ । उक्त प्रहरी टोलीले शनिबार साँझको ६ बजेर ३० मिनेटमा मनहरी-६ स्थित रुपाचुरीमा ६ बिगाहा १० कट्ठा क्षेत्रमा लगाएको अफिम फँडानी गरेको जनाएको छ ।

यस्तै शनिबार कैलाश-१ र २ को विभिन्न स्थानहरुमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी निरीक्षक विक्रम खड्का मगरको कमाण्डमा १५ जना प्रहरी टोली खटिएको छ भने इलाका प्रहरी कार्यालय पालुङबाट प्रहरी निरीक्षक श्याम थापा मगरको कमाण्डमा १५ जनाको टोली खटिएको छ । प्रहरी टोलीको फर्किने समय निश्चित नभएको जनाएको छ ।


## तास खेल्ने ९ जना पक्राउ

समाज संवाददाता

हेटौँडाः तास खेल्ने ९ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालयले शनिबार साँझ ५ बजेको समयमा हेटौँडा-५, चिसापानीस्थित शोभा कुईकेलको घरमा तास खेल्दै गरेका ९ जनालाई नगद ६७ हजार दुई सय ८० रुपैयाँसहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । प्रहरीले हेटौँडा-५, चिसापानीका ३५ वर्षीय राकेश शिवाकोटी, ४० वर्षीय पवन कुमार रायमाझी, ५१ वर्षीय देव नारायण उप्रेती, ४३ वर्षीय सहदेव तिमल्सिना, ४४ वर्षीय रमेश कोईराला, ५५ वर्षीय खड्क गोले, ४८ वर्षीय कुमार थापा, ३८ वर्षीय रोशन रायमाझी र ५१ वर्षीय मनोहर पौडेललाई पक्राउ गरेको हो ।

हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौँडा रिफरेन्स ल्यावरोटरी

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## औचित्यहीन प्रदर्शनी

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले केही दिनअघि जिल्लास्तरीय विज्ञान सामग्री प्रदर्शनी आयोजना गऱ्यो । जिल्लाका स्थानीय तहबाट छानिएर आएका विद्यालयका विद्यार्थीले निर्माण गरेको विज्ञान विषयसँग सम्बन्धित शैक्षिक सामग्रीको प्रतियोगितात्मक प्रदर्शनी आयोजना गरिएको थियो । प्रदेशस्तरीय प्रतिस्पर्धाका लागि जिल्लाको तर्फबाट सहभागी हुने विद्यालय छनौट गर्ने उद्देश्यले आयोजना गरिएको प्रदर्शनीमा जम्मा २ वटा विद्यालय सहभागी भए । हेटौंडा उपमहानगरपालिकाको एउटा संस्थागत विद्यालय र इन्द्रसरोवर गाउँपालिकाको एउटा सामुदायिक विद्यालय प्रदर्शनीमा सहभागी भएका हुन् । प्रतिस्पर्धात्मक प्रदर्शनीमा २ वटा विद्यालयमात्र सहभागी भए पनि स्वभाविकरुपमा एउटा प्रथम र अर्को द्वितीय भए । पुरस्कृत विद्यालयहरुले क्रमशः ५ हजार र ३ हजार रुपैयाँ पुरस्कार पनि पाए ।

५ सय भन्दा बढी विद्यालय रहेको मकवानपुरमा माध्यमिक विद्यालयमात्रै पनि एक सय ४० भन्दा धेरै छन् । तर, शिक्षा विकास तथा समन्वय इकाईले आयोजना गरेको जिल्लास्तरीय कार्यक्रममा दुईवटा विद्यालयमात्र सहभागी हुनु लाजमर्दो विषय बनेको छ । एक त जिल्लास्तरीय प्रतियोगितात्मक प्रदर्शनी र अर्को प्रदेशस्तरीय प्रतिस्पर्धाका लागि छनौट गरिने कार्यक्रममा दुईवटा मात्र विद्यालयले भाग लिनुले थुप्रै प्रश्नहरु जन्माएको छ । विज्ञान विषयको शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रमको उद्देश्य के थियो ? कार्यक्रममा सहभागी हुन कुन माध्यमबाट कसरी विद्यालयहरुलाई जानकारी गराइएको थियो ? विद्यालयहरुले कार्यक्रमको जानकारी नपाएका कारणले सहभागी नभएका हुन् कि अन्य कुनै कारण थियो ? प्रतियोगितात्मक कार्यक्रममा न्यूनतम कति विद्यालय सहभागी हुनुपर्थ्यो ? सहभागी विद्यालय न्यून भएपछि कार्यक्रम केही पछाडि सार्न किन सकिएन ? कार्यक्रम कुन समयमा गर्नुपर्ने थियो वा गर्नु उपयुक्त हुने थियो ? कार्यक्रमको बजेट कति थियो ? दुईवटा विद्यालयको सहभागितामा कार्यक्रम गर्दा कार्यक्रमले राखेको लक्ष्य तथा उद्देश्य पूरा भयो कि भएन ? जस्ता धेरै प्रश्नको उत्तर खोज्नुपर्ने देखिएको छ ।

शिक्षा विकास तथा समन्वय इकाईको भनाइमा यो प्रदर्शनी राष्ट्रपति रनिङ शिल्ड खेलकुदजस्तै पालिका, जिल्ला, प्रदेशस्तरमा छनौट हुँदै केन्द्रीयस्तरसम्म सञ्चालन हुनेछ । स्थानीय तहले प्रदर्शनी आयोजना नगरेका कारण जिल्लाले आयोजना गरेको कार्यक्रममा दुईवटा मात्र विद्यालय सहभागी भएको समन्वय इकाईको भनाइ छ । यसबाट स्थानीय तहले किन कार्यक्रम गरेनन् ? भन्ने प्रश्नमात्र उब्जिएको छैन, स्थानीय तह र समन्वय इकाईबीच समन्वय र सहकार्य हुन नसकेको स्पष्ट पारेको छ । स्थानीय तहलाई कहिलेसम्म प्रदर्शनी आयोजना गर्ने समय तोकिएको थियो वा थिएन ? स्थानीय तहमा प्रदर्शनी आयोजनाका लागि बजेट विनियोजन भएको थियो वा थिएन ? त्यसको जवाफ समन्वय इकाई वा सम्बन्धित स्थानीय तहले दिनुपर्छ ।

विद्यार्थीको प्रतिभालाई उजागर गर्ने, विद्यार्थीलाई सिर्जनशील बनाउने, विद्यार्थीमा विज्ञानका विषयवस्तुको खोजी तथा प्रयोगको व्यवहारिक ज्ञान दिने उद्देश्यले यस्ता कार्यक्रम हुने गरेका छन् । यसअघि हेटौंडा उपमहानगर पालिकाले आयोजना गरेको विज्ञान विषयको शैक्षिक सामग्री प्रदर्शनीमा पनि अत्यन्तै न्यून विद्यालयको मात्र सहभागिता थियो । तर, हेटौंडा उपमहानगर पालिकाकै वडा नम्बर ४ र १५ ले पछिल्लो एक महिनाभित्र आयोजना गरेको शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रममा वडाका सबैजसो विद्यालयको सहभागिता थियो । बढीभन्दा बढी विद्यालयलाई सहभागी गराएर गर्नुपर्ने यस्ता कार्यक्रम एक–दुई विद्यालयको सहभागितामा गरिँदा कार्यक्रम प्रभावकारी हुन सक्दैन । जम्मा दुईवटा विद्यालयबीच प्रतिस्पर्धा भएर पहिलो र दोस्रो पुरस्कार लिँदा सहभागी विद्यालय र विद्यार्थी पनि उत्साहित बन्न सक्दैनन् भने कार्यक्रमको उद्देश्य पनि पूरा हुन सक्दैन । यसरी कार्यक्रम गर्दा बजेटको सदुपयोग नहुनेमात्र होइन, कार्यक्रम नै औचित्यहीन हुनेतर्फ आयोजक गम्भीर बन्नु आवश्यक छ ।

# ‘कम्युनिस्ट पार्टीभित्र नयाँ विलासी वर्गको उदय भयो’

नेपालमा कतिपय राजनीतिज्ञले कम्युनिस्ट पार्टीको नाममा दल दर्ता गरेर सञ्चालन गरिरहेका छन् । तर पार्टी दर्ता हुनु एउटा कुरा हो, नाम अनुसारको चरित्र छ कि छैन भन्नु अर्को कुरा हो । यसरी हेर्दा वास्तविकता अर्कै देखिन्छ ।

२००७ सालमा जुन आधार र उद्देश्यले जसका लागि कम्युनिस्टहरू जन्मिएका थिए आज हामी त्योभन्दा निकै फरक अवस्थामा आइसकेका छौं । दलले लिएको बाटो, नैतिकता आदिका आधारमा हेर्ने हो भने जे आधारमा जसका लागि कम्युनिस्टहरू जन्मिएका थिए, त्यो आज छैन । आज धेरै पार्टीका नाम कम्युनिस्ट छन् तर त्यस अनुसार नैतिकता, आदर्श, चरित्रसँग कुनै साइनो-सम्बन्ध रहेन ।


श्रमजीवी जनता, मजदुर, सर्वहारा वर्ग, कलकारखानामा काम गर्नेहरूको शोषक भएकाले उनीहरूको पनि भविष्य सुरक्षित हुनुपर्छ भनेर कम्युनिस्टहरूको जन्म भएको हो । संसारमा सर्वहारा मानवजातिको राज्यसत्ता हुनुपर्छ भनेर अघि बढ्नु कम्युनिस्टहरूको आदर्श हो ।

तर अहिले यो कोणबाट हेर्ने हो भने नाममा कम्युनिस्ट भए पनि व्यवहारमा कम्युनिस्ट पार्टी रहेनन् । मार्क्सवादी सिद्धान्तका आधारमा हेर्दा उनीहरू त्यो सिद्धान्तबाट धेरै टाढा पुगे ।

यद्यपि मार्क्सवाद कुनै अपरिवर्तनीय दृष्टिकोण होइन, परिवर्तनको दर्शन हो । चेतना, संस्कृति, संस्कार, मानिसको मनोवृत्ति, समाजको बनोट सबै परिवर्तनीय हुन्छन् भन्ने मार्क्सवादी दर्शनको मूल मान्यता हो । मार्क्सले आफ्नो जमानामा जुन समाज देखेका थिए, त्यसका विश्वव्यापी मान्यताहरूबाट समाज परिवर्तनको दिशा, सामाजिक मनोविज्ञान, विकासको अवस्थाले नयाँ परिस्थिति उत्पन्न हुन्छ भन्ने मार्गदर्शन गराएका हुन् ।

त्यस अनुसार आफूलाई ढाल्दै संसारमा शोषणविहीन र वर्गविहीन समाजका लागि काम गर्ने भन्ने यो सिद्धान्तको उद्देश्य हो । उनले त्यसका लागि आ-आफ्नो समयको परिस्थिति अनुसार परिवर्तन हुनुपर्छ भनेका थिए ।

तर, अहिले धेरैजसो कम्युनिस्टहरू सत्तामा पुगेका छन् । नेपालमा


चन्द्र देव जोशी

कम्युनिस्टहरूले दुई तिहाइ बहुमत पनि ल्याए, पटक-पटक प्रधानमन्त्री बने । तर अहिलेका कम्युनिस्ट पार्टीको नेतृत्वमा शोषित पीडित वर्गको उत्थान अनि शोषणविहीन समाजको निर्माणको हुटहुटी कतै देखिंदैन । बरु उनीहरूले कसरी शोषणको आधुनिकीकरण गर्ने भनेर काम गरे ।

अहिले त कम्युनिस्टहरूले समाजका जुन कमि-कमजोरी थिए त्यसैलाई उपयोग गरेर शोषणका नयाँ तौरतरिकाहरू पहिल्याए । अहिले सबभन्दा धनी र विलासी वर्ग कोही छ भने त्यो सत्ताधारी कम्युनिस्ट पार्टीको जमात छ ।

कम्युनिष्टहरूले शोषण र उत्पीडनको अन्त्यका लागि आफूलाई भोट माग्छन्, तर भोटको माध्यमबाट शोषितहरूलाई नै थप शोषण गरिरहेका छन् । उनीहरू नाममा कम्युनिस्ट जोड्न सक्छन्, त्यसको सदस्यता लिनेहरू आफूलाई कम्युनिस्ट भनेर चिनाउन सक्छन् । तर कम्युनिस्ट पार्टी र सिद्धान्तसँग साइनो नभएको नवसामन्त र शोषकहरूको जमात उत्पादन भइरहेको छ । त्यसैको वितृष्णा अहिले समाजमा देखिइरहेको छ ।

कम्युनिस्ट आदर्शका लागि काम गरिरहेकाहरूलाई अहिलेको बहाव र भ्रष्टाचारको दलदलबाट उठ्न अति नै कठिन भइरहेको छ । समाज भ्रष्टहरूको पकडमा गयो, नयाँ जन्मिएको जमात केही गर्नै नसक्ने भयो । जहाँबाट आफ्नो मात्रै हित हुन्छ उनीहरू त्यता जान थाले ।

कम्युनिस्ट भएर तर मार्न सकिन्छ भने कम्युनिस्ट हुने, कांग्रेसमा ठाउँ पाउँदा कांग्रेसमा लाग्ने र त्यहाँ पनि भएन भने अरू विकल्पमा जान थाले । त्यो पनि नसक्नेहरू आफैं कम्युनिस्ट नाम थपेर पार्टी पनि खोलिरहेका छन् । अहिलेको अवस्थामा किन कम्युनिस्ट पार्टी धेरै भए भन्ने प्रश्न छ ।

आदर्श दृष्टिकोण लिएर कम्युनिस्ट पार्टी खोलेकाहरू विद्यमान ठूला पार्टीका नेताबाट असन्तुष्ट भएर हिंडेकाहरू छन् । उनीहरू समाजको परिवर्तनको लागि काम गर्न खोजिरहेका छन् । तर, वैचारिक रूपमा तयार हुन सकेनन् । विद्रोहको भावना बोकेर मात्रै उनीहरू छुट्टिएर कम्युनिस्ट पार्टी गठन गरेर बसेका छन् ।

कतिपय कम्युनिस्ट हुँ भनेर आएका छन्, तर केही गर्न सकिरहेका छैनन् । विद्रोह गरे, तर आफैं बाटो ठम्याउन सक्ने, वैचारिक धरातल निर्माण गर्ने आधार उनीहरूको छैन । त्यही भएर कहिले कता, कहिले कता गइरहेका छन् ।

अहिले जति पनि कम्युनिस्ट पार्टी छन् ती निम्न पूँजीवादी मनोविज्ञानबाट गुज्रिरहेका छन् । म नै अगुवा बन्नुपर्छ, मलाई नै मार्क्स मान्नुपर्छ, मलाई नै माओ र लेनिन जस्तो मानिनुपर्छ भन्ने मनोवृत्तिले एउटै पार्टीमा रहेकाहरूका बीचमा द्वन्द्व सिर्जना भइरहेको छ ।

अहिले व्यक्तिगत टकरावका कारण एउटा कम्युनिस्टले भन्दा अर्कोले बढी क्रान्तिकारी नारा दिएर आउनुपर्ने परिस्थिति छ, समाजमा पनि त्यस्तैको बाहुल्य छ । म नेता भएँ भने अर्थोपार्जन गर्न सक्छु भन्ने नवधनाढ्य बन्ने आकांक्षाले पनि काम गरिरहेको देखिन्छ ।

उनीहरूले मार्क्सवादको आधारमा टेकेर नेपाल र विश्वको समाज अन्तरघुलन हुने वैचारिकीमा काम गर्न सकेनन् । विश्व समाज कहाँ पुगिसक्यो, मानव समाजको विकासले धेरै नै प्रगति गरिसक्यो । तर हाम्रोमा एउटा मात्रै कम्युनिस्ट पार्टी हुनुपर्छ भनेर समेत बहस गर्छन् ।

हाम्रो अहिलेको यो अडान बहुलवादभन्दा पछाडि जान्छु र म टिक्छु भन्ने कुरा जडसूत्रवादी धारणा हो । किनभने, राजनीति भनेको समाजका लागि गर्ने हो । समाजका विभिन्न आयाम छन् । जता पनि हेर्ने हो भने वैचारिक स्वतन्त्रताको पक्षमा धेरै वकालत भइरहेको छ । समाजमा विकसित, समतामूलक समाज निर्माण गर्नका लागि वैचारिक स्वतन्त्रता हो ।

यो समाज सधैं यस्तै रहँदैन । समाजमा २००७ सालदेखि यता परिवर्तनका उतारचढाव धेरै भए । नयाँ चिन्तन विकास भयो, युवाहरू आए । उनीहरूले बाटो पाएनन्, विद्रोह गरे । अहिले फेरि संक्रमण आइरहेको छ ।

यही संक्रमणबाट पुनः लोककल्याणकारी समाजको निर्माण गर्नुपर्छ भनेर कोही न कोही अगाडि आउनै पर्छ । त्यसले नयाँ अवस्थामा आजको विश्व परिस्थितिमा मार्क्सवादलाई व्यावहारिक रुप दिएर समाजवादको बाटो कसरी समात्ने भन्ने चिन्तन भएको वर्ग निस्किनुपर्छ ।

अहिले धन र बलको जगमा विकृति फैलिएकाले नेपाली समाज अघि बढ्न सकिरहेको छैन । आम मतदातामा कहाँबाट आफ्नो सन्तानको भविष्य सुरक्षित गर्न सकिन्छ भनेर भोट दिइरहेको अवस्था छ । श्रमजीवी जनता भ्रममा छन् ।

आफ्नो मुक्ति कसैको हातमा छैन, आफैंले गर्नुपर्छ भन्ने मार्क्सवादी चिन्तनबाट कैयौं कम्युनिस्ट भनिनेहरू विचलित भए । कोही चलाख भएर शोषणको बाटोबाट कम्युनिस्ट पार्टीमा लागेका छन् । त्यसबाट पनि केही हुन्न भन्ने मान्यता राख्नेहरू आफैं पार्टी खोल्न थाले । जसका कारण कम्युनिस्ट पार्टीको संख्या बढेको देखिन्छ ।

यस्तो अवस्था आउनु भनेको देश वैचारिक, सामाजिक, आर्थिक रूपमा संक्रमणकालमा छ भन्ने संकेत पनि हो । यसबाट नयाँ जागरण युगमा जान नयाँ बहसको जरूरी हुन्छ । केही बौद्धिक चिन्तकहरू अघि सरेको देख्न सकिन्छ । तर जोसँग अपेक्षा गर्यो उही खराब निस्केपछि निराशा पैदा भएको छ । तर यो परिस्थिति लामो समय रहँदैन, समाज अगाडि बढ्छ, यहीं रोकिंदैन ।

मैले धेरै पहिलेदेखि यसमा प्रयास गरेको हुँ । आ-आफ्नो पार्टीमा रहेर पनि त्यहाँभित्रका बौद्धिकहरूले कम्युनिस्ट आन्दोलनको शुद्धीकरणका लागि काम गर्न सकिन्छ भनेको थिएँ । राजनीतिक हिसाबले जुनसुकै पार्टी विभाजित भए पनि वैचारिक हिसाबले काम गर्ने हो भने हामी सबै भोलि एकठाउँमा हुन सक्छौं ।

(नेकपा संयुक्तका अध्यक्ष जोशीसँग अनलाइनखबरकर्मी दिपेश शाहीले गरेको कुराकानीमा आधारित ।)

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय त्यति सबल नरहने योग छ ।
**वृष** : कार्यक्षेत्रबाट सोचे अनुरुप लाभ प्राप्त हुनेछ ।
**मिथुन** : अभिनय र कलात्मक विषयमा मन जाने योग छ ।
**कर्कट** : सहयोगले आँटे ताकेका कामहरु बन्ने समय छ ।
**सिंह** : व्यापार–व्यवसायका कामबाट लाभ प्राप्त ।
**कन्या** : बन्द व्यापार–व्यवसायका कामबाट लाभ प्राप्त ।
**तुला** : भूमि–जग्गा जमिन सम्बन्धी कामबाट लाभ ।
**वृश्चिक** : सामाजिक र परोपकारी काममा मन जाला ।
**धनु** : धैर्य र संयमताले काममा पूर्णता प्राप्त होला ।
**मकर** : साहित्य र संगीतमा मन जाने योग रहेको छ ।
**कुम्भ** : निर्णायक क्षमता र सहानुभूति प्राप्त हुने छ ।
**मीन** : विचारले आकर्षित तुल्याइने समय योग छ ।

# न्यून स्रोत व्यवस्थापन बेरोजगारीको कारण


केशव आचार्य

हरेक सरकारले मुलुकको आर्थिक विकासको गतिलाई सुशासनसँग जोडेको हुन्छ । आर्थिक वृद्धि, सुशासन, समृद्धि र कुशल व्यवस्थापनबाट रोजगारी सृजना हुन्छ । यी सबै विषयवस्तु आर्थिक अनुशासनसँग जोडिएका हुन्छन् । योजनागत ढंगबाट परिचालन गरिएका स्रोतहरूले आर्थिक उपार्जनका साथै रोजगारी पनि सिर्जना गरिरहेका हुन्छन् । रोजगारी नागरिकको दैनिकीसँग जोडिएको हुन्छ भने उत्पादन राष्ट्रको समृद्धिसँग जोडिएको हुन्छ । रोजगारीको दर उच्च बनाएका देशहरूको आर्थिक सबलीकरण पनि उच्च छ ।

आर्थिक क्रियाकलापलाई निरन्तरता दिन सरकारसँग आन्तरिक र बाह्य दुई प्रकारका स्रोत हुन्छन् । आन्तरिक स्रोत देश विकासका गतिविधिहरू सञ्चालन गर्न आवश्यक पर्ने स्रोत हो । यसले देशको आवश्यकता, समस्या र समाधानलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्ने हुँदा यसलाई देशको प्रमुख स्रोत मानिन्छ । यसले नागरिकबीच आयको पुनः वितरण गरी सामाजिक न्याय कायम गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय मूल्य-मान्यतालाई आत्मसात् गर्दै आन्तरिक स्रोत परिचालनको प्रमुख आधारलाई समेटेको हुन्छ । बाह्य स्रोत विदेशी मुलुकहरूबाट प्राप्त गरिने स्रोत हो । यो विदेशी राष्ट्रहरूले पत्याए वा विश्वास गरे मात्र प्राप्त गर्न सकिन्छ ।

विदेशीले पत्याउनु र नपत्याउनु सरकारको सक्षमतामा निर्भर गर्छ । सरकारको लक्ष्य, उद्देश्य, सुशासन, पारदर्शिता, जवाफदेहिता र भविष्यदर्शिताले विदेशी विश्वास निर्धारण गर्छ । सरकारले यी विश्वासका कसीमा ध्यान नदिँदा पछिल्ला दिनमा बाह्य स्रोत परिचालन गर्न सक्ने सक्षमतालाई कमजोर बनाउँदै लगेको देखिन्छ । सरकारको नियमित कर्म नागरिकलाई सेवा प्रवाह गर्नु, विकास निर्माणका गतिविधि सञ्चालन गर्नु र शान्ति-सुरक्षा कायम गर्नु हो । राज्यले नागरिकमा आफ्नो सामीप्यता देखाउन स्रोत खर्च गर्नुपर्ने हुन्छ । सरकारले नागरिकबाट करका रूपमा पैसा संकलन गरेर पुनः नागरिककै लागि खर्च गर्छ ।

वास्तवमा शासन प्रणालीको प्रमुख वित्तीय आधार भनेकै आन्तरिक स्रोत कर हो । विश्वका जुनसुकै देशमा लोकतन्त्रको सबलीकरण गर्ने आधारका रूपमा करको भूमिका महत्वपूर्ण रहेको हुन्छ । यसका लागि सरकारले विभिन्न ऐन, कानुन बनाई राजस्व संकलन गरिरहेको हुन्छ । आफ्नो दायित्व पूरा गर्न सरकारले कर राजस्वको रूपमा निरन्तर रूपमा यसको संकलन गर्ने गर्छ । राज्यले गर्ने आम्दानी राजस्व संकलनबाटै हो । नागरिकलाई कर लगाउने आधार र विधि हरेक देशअनुसार फरक-फरक हुन सक्छ । राज्यले रोजगारी, व्यवसाय र लगानीबाट प्राप्त आयमा कानुनबमोजिम कर लगाउने व्यवस्था गरेको हुन्छ ।

विभिन्न स्रोतबाट प्राप्त भएको आयमा आय प्राप्त भएकै बखत विभिन्न विधिबाट कर लगाउने कानुनी व्यवस्था गरिएको हुन्छ । नेपालको संविधानले समेत कानुनबमोजिम बाहेक कुनै कर लगाइने र उठाइनेछैन भनी संवैधानिक ग्यारेन्टी गरेको छ । राजस्व संकलन गर्न कानुन बनाई सोही कानुनअनुसार कर संकलन गर्नुपर्छ । विश्वभर प्रत्येक सरकारले आफ्ना नागरिकप्रति कर्तव्य तथा दायित्व पूरा गर्न र सरकार सञ्चालन गर्न स्रोत वा र कमको आवश्यकता पर्छ । सरकार सञ्चालनका सम्बन्धमा हुने साधारण खर्च तथा विकास निर्माणका लागि पुँजीगत खर्चलगायत कार्य गर्न सरकारलाई आम्दानी चाहिन्छ ।

सरकार सञ्चालनका लागि अपरिहार्य स्रोत संकलनको माध्यम राजस्व संकलन हो । राजस्व संकलन गरी उक्त आयले सरकारले जनतालाई राज्यका तर्फबाट विभिन्न सेवा सुविधा प्रदान गर्नुका साथै विकास निर्माण कार्यहरू गर्छ । सरकारको आम्दानीका स्रोतहरु विभिन्न शीर्षकमा वर्गीकरण गरिएको हुन्छ । स्रोत व्यवस्थापन सरकारको महत्वपूर्ण कार्य हो । यसलाई व्यवस्थित गर्न नसक्दा सरकारले धेरै चुनौती पनि खेप्नुपर्ने हुन सक्छ । स्रोतलाई राजस्व र गैरकर राजस्व गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । स्रोत व्यवस्थापन गर्दा राजस्व कर तथा गैरकर, विदेशी अनुदान र स्वदेशी तथा विदेशी ऋणसमेत समावेश हुन्छन् ।

सरकारले स्रोत व्यवस्थापन गरेपछि बजेट विनियोजन गरी खर्चको बाँडफाँड गरेको हुन्छ । खर्च विनियोजन गर्दा चालू खर्च (साधारण खर्च) र पुँजीगत खर्च (विकास खर्च) तथा साँवा तथा ब्याज भुक्तानी (स्वदेशी तथा विदेशी ऋण) रहेका हुन्छन् । संघीय सरकारले प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरी राजस्व बाँडफाँड गरेको हुन्छ । सरकारको स्रोत व्यवस्थापन तथा वित्तीय हस्तान्तरण गर्ने अख्तियारी कानुनले तोकिदिएअनुसार गर्नुपर्छ । यसर्थ सरकार सञ्चालनका लागि सरकारले जनता वा व्यक्तिसँग विभिन्न शीर्षकमा राजस्व (कर) संकलन गरी स्रोत व्यवस्थापन गर्छन् ।

....बाँकी पृष्ठ ३ मा

## बकैया कला-साहित्य महोत्सव सम्पन्न

# ८ जना स्रष्टा सम्मानित



समाज संवाददाता

हेटौंडाः झरना साहित्यिक परिवार मकवानपुरले आठ जना स्रष्टाहरुलाई सम्मान गरेको छ । शनिबार बकैया-९, शिखरपुरस्थित कालीदेवी माविमा सम्पन्न बकैया कला-साहित्य महोसत्वको अवसरमा आठ जना स्रष्टाहरुलाई सम्मान गरेको हो ।

बकैया निवासी नरप्रसाद गौतमले स्थापना गर्नुभएको २१ हजार १ सय ११ रुपैयाँसहितको होमनाथ टीकामाया प्रतिभा सम्मानबाट डा. गीता त्रिपाठी सम्मानित हुनुभएको छ । यस्तै, हेटौंडा-२ स्थित बालजागृति बोर्डिङका प्रिन्सिपल विनोद सुवेदीले स्थापना गर्नुभएको १५ हजार ५ सय ५५ रुपैयाँ राशिसहितको बाबुलाल भोजमाया स्मृति साहित्य सम्मानबाट साम्ब ढकाल सम्मानित हुनुभएको हो ।

नन्ददेवी गौतमले स्थापना गर्नुभएको ११ हजार १ सय ११ रुपैयाँ राशिसहितको गोकर्ण गौतम स्मृति पत्रकारिता पुरस्कार बाट रामकुमार एलन र अर्पण पराजुलीले स्थापना गर्नुभएको ७ हजार ७ सय ७७ रुपैयाँसहितको खडानन्द-मनमाया युवा प्रतिभा सम्मानबाट मिलन समीर सम्मानित हुनुभएको छ । यस्तै, बकैया-४ का वडा अध्यक्ष राजन दंगालले स्थापना गर्नुभएको ७ हजार ७ सय ७७ रुपैयाँसहितको सुशीला दंगाल स्मृति सिर्जनशील नारी सम्मानबाट विमला कार्की सम्मानित हुनुभएको छ ।

तुलसी गिरीले स्थापना गर्नुभएको ७ हजार ७ सय ७७ रुपैयाँसहितको सञ्जीवनी बुटी साहित्य सेवा सम्मानबाट भरतप्रसाद सापकोटालाई सम्मान गरिएको छ । बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले स्थापना गर्नुभएको ७ हजार ७ सय ७७ रुपैयाँसहितको कलकारिता सम्मानबाट विष्णु घतानी र चन्द्रकुमार राईले स्थापना गर्नुभएको ५ हजार ५ सय ५५ रुपैयाँसहितको झरना-बकैया युवा प्रतिभा सम्मानबाट अजर फुयाँल सम्मानित हुनुभएको छ ।

महोत्सवको अवसरमा चित्रकला, कविता र निबन्ध लेखन प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुलाई पनि सम्मान गरिएको छ । संस्थाका अध्यक्ष विश्वनाथ सञ्जेलको सभाध्यक्षमा भएको महोत्सव समापन कार्यक्रममा बकैयाका अध्यक्ष धर्मराज लामिछाने, वडा नम्बर ४ का वडा अध्यक्ष राजन दंगाल, ५ नम्बरकी लक्ष्मी जिम्बा, ९ नम्बरका टंकध्वज लोप्चन र १० नम्बर वडाका वडाध्यक्ष कमला वाईबालगायतको आतिथ्य रहेको थियो ।

# लोकछन्द कविता वाचन सम्पन्न

समाज संवाददाता

हेटौंडाः नवसर्जक साहित्य चौतारी मकवानपुरको आयोजनामा लोकछन्द विशेष रचना वाचन तथा विमर्श कार्यक्रम सम्पन्न भएको छ । शनिबार साँझ भर्चुअल माध्यमबाट रचना वाचन तथा विमर्श कार्यक्रम सम्पन्न भएको हो ।

रचना वाचन कार्यक्रम साहित्यकार शान्ता दहालको प्रमुख आतिथ्यमा भएको हो । कार्यक्रममा १५ जना बालबालिकाले १८ वटा लोकछन्द कविता वाचन गरेको नवसर्जक साहित्य चौतारीका सल्लाहकार डीबी बर्तौलाले जानकारी दिनुभएको छ । नवसर्जक साहित्य चौतारीकी उपाध्यक्ष कृतिका लौँडारीले स्वागत मन्तव्य राख्नुभएको थियो ।

## न्यून स्रोत...

रसिया-युक्रेन युद्ध, चीनलगायतका देशको आर्थिक वृद्धिदरमा गिरावटलगायतका कारणबाट अन्तर्राष्ट्रिय मुद्राकोषले २०२२ मा प्रकाशित गरेको प्रतिवेदनले विश्व अर्थतन्त्रमा संकुचन आएको विवरण सार्वजनिक गरेको थियो। विश्व अर्थतन्त्रमा आएको संकुचन तथा कोरोना भाइरसको असर, लगानीयोग्य तरलताको अभावलगायतका कारणबाट नेपालको अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव परेको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको २०७९ चैत मसान्तको राजस्व संकलनको समीक्षा गर्दा संघीय सरकारको आर्थिक वर्ष २०७९-८० राजस्व संकलन बढ्न सकेन । त्यसैले संघीय सरकारले आर्थिक वर्ष २०८०-८१ को बजेट गत आर्थिक वर्षभन्दा कम ल्याएको छ ।

प्रदेश सरकारहरुले समेत गत आर्थिक वर्ष २०७९-८० भन्दा आर्थिक वर्ष २०८०-८१ को बजेटलाई घटाएका छन् । आर्थिक वर्ष २०७९-८० को चैत मसान्तसम्म राजस्व संकलनको हिसाब हेर्ने हो भने गत वर्ष (आर्थिक वर्ष २०७८-७९) को २०७८ चैत मसान्तसम्ममा ७ खर्ब ८९ अर्ब २६ करोड संकलन भएकोमा २०७९ चैत मसान्तसम्म १३.४ प्रतिशत न्यून वा ६ खर्ब ८३ अर्ब ८० करोड मात्र संकलन भएको छ। यसैलाई आधार मान्दा आर्थिक वर्ष २०७९-८० मा राजस्व संकलन लक्ष्यभन्दा १२ प्रतिशत हाराहारीमा कमी आएको थियो । यस आर्थिक वर्षलाई हेर्दा पनि सरकार लक्ष्यमा पुग्न सक्ने देखिँदैन ।

पछिल्लो वर्षमा शिक्षा सेवा शुल्क, आन्तरिक उत्पादनमा आधारित अन्तःशुल्क, गैरकर संकलनमा वृद्धि भएको देखिन्छ । अर्थमन्त्रालयले सार्वजनिक गरेको तथ्यांकलाई आधार लिने हो भने भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि करमा कमी आएको छ । मूलतः सर्वसाधारणले विदेशबाट आयात गरेको र मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको उपभोग कम गरेको देखिन्छ । जनताको क्रयशक्ति वा खर्च गर्ने क्षमतामा कमी भएको देखिन्छ, किनभने भन्सार महसुलमा कमी आएको छ र मूल्य अभिवृद्धि कर र आयतर्फको अन्तःशुल्कमा कम भएको देखिन्छ। भन्सार महसुल कम उठ्नु भनेको नेपालले आयात गर्ने वस्तु तथा सेवामा कमी आउनु हो ।

यसले गर्दा नेपालको विदेशी विनिमय सञ्चितिमा वृद्धि भएको नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकबाट समेत देखिन्छ । घरजग्गाको कारोबारमा आएको मन्दी, सेयर बजारको कारोबारको रकममा भएको कमी तथा नेप्सेमा आएको गिरावट, रोजगारी क्षेत्रमा आएको संकुचनलगायतले नेपालमा आर्थिक मन्दी आएको देखिन्छ । मूल्य अभिवृद्धि दरको अन्तिम भार उपभोक्तालाई पर्ने हो । उपभोक्ताले वस्तु तथा सेवाको कम उपभोग गरेको तथ्यांकले देखाएको छ । कोभिडबाट प्रभावित अर्थतन्त्रलाई सरकार तथा नेपाल राष्ट्र बैंकले तत्कालै राहतका कार्यक्रम दिएर त्यसको असर न्यून गरेको थियो ।

हाल उद्योगी-व्यवसायीहरूले खर्च कटौती गरी व्यवसाय सञ्चालन गरेका छन् । यसको प्रत्यक्ष असर रोजगारी तथा राजस्वमा परेको देखिन्छ । सरकारले रोजगारीको अवसर सिर्जना गर्न सकिने गरी उद्योगी तथा व्यवसायीको मनोबल वृद्धि गर्नुपर्छ । संघीय सरकारको आर्थिक वर्ष २०८०-८१ को बजेटको सूक्ष्म अध्ययन गर्दा राजस्व संकलनले सरकारको साधारण खर्चसमेत धानिने देखिँदैन । सरकारलाई स्रोत व्यवस्थापनमा ठूलो चाप परेको देखिन्छ । सरकारले कर को दायरालाई फराकिलो बनाउन खोजेको छ तर सकेको छैन । सरकारलाई स्रोतको संकलनसँगसँगै पुँजीगत खर्च बढाउनुपर्ने बाध्यतासमेत छ ।

पुँजीगत खर्च बढाएर विकास, निर्माणका कार्य सञ्चालन गरी थप रोजगारीको अवसर सिर्जना गर्नुपर्छ । सरकारले स्रोतको व्यवस्थापन राजस्वबाहेक स्वदेशी तथा विदेशी ऋण र अनुदानबाट पनि गर्न सक्छ । विदेशी अनुदान तथा ऋणका लागि नेपालको समग्र आर्थिक अनुशासन तथा पारदर्शिता, वित्तीय सुशासनलगायत विषयको मूल्यांकन गरेर मात्र दिने गर्छन् । यी समग्र विषयमा सरकार सबल बन्नुपर्छ । उत्पादनमूलक लगानी र रोजगारी सिर्जना नहुँदासम्म नेपाललाई आर्थिक मन्दीले गाँजिरहने देखिन्छ । तसर्थ, यसलाई मनन गरी देशको आर्थिक विकासमा टेवा पुर्याउने स्रोतसाधनको खोज, अनुसन्धान र कार्यान्वयन गर्नु जरुरी छ ।

# हार्दिक श्रद्धाञ्जली



जन्मः
२०३२/०५/०१

स्व. पदम प्रसाद पौडेल

स्वर्गारोहणः
२०८०/११/०१

यस विद्यालयका शिक्षक पदम प्रसाद पौडेलको निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै परिवारजनमा धैर्यधारण गर्ने क्षमता मिलोस् भनी प्रार्थना गर्दछौं ।

मोहम्मद समीम
अध्यक्ष, वि.व्य.स.

रामसागर गुरागाई
प्रधानाध्यापक

## एवम् आधुनिक राष्ट्रिय मावि परिवार


हेटौंडा-४, मकवानपुर

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## चित्रकला





सदीक्षा उपाध्याय
कक्षा-७






अमी श्रेष्ठ
कक्षा-६

## सहीद



अनुष्का देवकोटा


देशका लागि उनीहरुले आफ्नो ज्यान गुमाए
देशको शान्ति र जनताको न्यायमा उनिहरु रमाए ।
देशमा नराम्रो कार्य गर्नेलाई पार्न नष्ट
ज्यान दिएका थिए हाम्रो गंगालाल श्रेष्ठ ।।

अर्को हाम्रो सहीद हुनुहुन्छ धर्मभक्त माथेमा
अहिले पनि अमर हुनुहुन्छ हाम्रो यादको साथमा ।
शुक्रराज शास्त्रीले पनि देशका लागि ज्यान दिए
उनले आफ्नो ज्यान भन्दा देशका लागि माया दिए ।।

सहीद बिना देशमा परिवर्तन हुन्न केही
सहीदहरु रुन्छन् कति देखेर देशको गती
सहीदहरुलाई सम्झन्छन् सहीद दिवसको दिन मात्र
अरुहरु दिनमा चाहिँ बिर्सन्छन् खोई किन ।।

कक्षा-४

## प्रकृति



सम्मान थापा मगर

जता हेर्छु उतै देख्छु सुन्दर प्रकृति
अनि बनाउँछ यसले नै सुन्दर कृति
याद हुन्छ यसको सबै आकृति
अनि सिकाउँछ हामीलाई राम्रो नीति

सुन्दर छ हाम्रो देश प्रकृतिको धनी
पर्यटक आउँछन् हेर्नलाई भनी
हामीलाई जिउन दिएकी छन् प्रकृतिको काख
आफ्नो देशको यो सुन्दरता बचाएर राख

आफ्नो देश आफ्नै भाषा आफ्नै भेष
जता हेर्छु उतै देख्छु सुन्दर मेरो देश
हिमाल पहाड खोला नाला कति धेरै राम्रा
प्रकृति सम्पदा नै सम्पति हाम्रा

कक्षा-७

## मनहरी गाउँपालिकास्तरीय भलिबल

# उपाधि ४ नम्बर वडाले जित्यो



समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा भएको प्रथम गाउँपालिकास्तरीय भलिबल प्रतियोगिताको उपाधि ४ नम्बर वडाले जितेको छ । आइतबार सम्पन्न भएको फाइनल खेलमा ३ नम्बर वडालाई ३-२ सेटले पराजित गर्दै ४ नम्बर वडाले उपाधि जितेको हो ।

उपाधि विजेता ४ नम्बर वडाले २५ हजार रुपैयाँ र उपविजेता ३ नम्बर वडाले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । म्यान अफ द म्याच ४ नम्बर वडाका उज्जवल विष्ट घोषित भएका छन् । प्रतियोगिताको उत्कृष्ट डिफेन्डर इमानसिंह थिङ, उत्कृष्ट ब्लकर आशिष मोक्तान, उदीयमान खेलाडी समिर थापा र म्यान अफ द सिरिज इश्वर रिजाल घोषित भएका छन् । प्रतियोगिताको विधागत खेलाडीहरुले ट्रफी र मेडल प्राप्त गरेका छन् ।

३ नम्बर वडाका पूर्वअध्यक्ष मान बहादुर स्याङ्तानको स्मृतिमा भएको प्रतियोगितामा १० वटा टिमको सहभागिता रहेको थियो । राष्ट्रिय युवा संघ मनहरी गाउँपालिका कमिटीका अध्यक्ष बाबु स्याङ्तानको सभाध्यक्षमा तथा नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य एकराज उप्रेतीको प्रमुख आतिथ्यमा प्रतियोगिता समापन तथा पुरस्कार वितरण कार्यक्रम भएको थियो । समापन कार्यक्रममा युवा संघ मकवानपुरका जिल्ला इन्चार्ज विमल कार्की र जिल्ला सदस्य वीरेन्द्र डीसीको उपस्थिति रहेको थियो ।

# सिटी कलेजको खेलकुद महोत्सव सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ पिप्लेस्थित हेटौंडा सिटी कलेजको खेलकुद महोत्सव सम्पन्न भएको छ । बिहिबारबाट सुरु भएको महोत्सव शनिबार सम्पन्न भएको हो । खेलकुद महोत्सवअन्तर्गत क्रिकेट प्रतियोगितामा सिएसआइटी सिनियर टिम प्रथम र बिबिएस टिम द्वितीय भएको छ ।

फुटबलमा कक्षा ११ प्रथम र बिसिए द्वितीय भएको छ । भलिबलमा सिएसआइटी सिनियर प्रथम र सिएसआइटी जुनियर द्वितीय भएको छ । एथ्लेटिक्सतर्फ मधुसुदन अर्याल, सन्जिक अर्याल र श्याम बास्कोटाको टिम प्रथम भएको छ । ओशिस प्रजा, रोहन चौधरी, राहुल ओजैयाको टिम द्वितीय भएको । क्रिकेटमा सुमन श्रेष्ठ, भलिबलमा हरि घिमिरे र फुटबलमा अर्यान थापा मगर उत्कृष्ट खेलाडी घोषित भएका छन् भने उदीयमान खेलाडीमा शैलेश गुरुङ घोषित भएका छन् । उत्कृष्ट हुन सफल भएका खेलाडीहरुकालाई ट्र्याक सुट प्रदान गरिएको छ । प्रतियोगितामा प्रथम र द्वितीय हुने टिमहरुलाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा कलेजका ३ सय विद्यार्थीको सहभागिता रहेको थियो ।

# बकैयामा १३३ वटा मौरीको घार वितरण

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिकाले मौरीपालक किसानलाई मौरीको घार वितरण गरेको छ । आइतबार एक कार्यक्रमका बिच मौरीपालक किसानहरुलाई प्रोत्साहनस्वरुप घार वितरण गरेको हो ।

गाउँपालिकाका १०, ११ र १२ नम्बर वडाका स्थानीयलाई १ सय ३३ वटा मौरीको घार वितरण गरिएको छ । गाउँपालिकाले कृषकलाई मौरी पालनसम्बन्धी तालिम दिएर मौरीको घार वितरण गरेको हो । पालिकाले सेरिना जातको मौरी पालनका लागि ६ लाख ६५ हजार रुपैयाँ बराबरको उपयुक्त मौरी घार वितरण गरेको बताइएको छ ।

मौरी घार वितरण कार्यक्रम बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लमिछानेको अध्यक्षता तथा बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारको प्रमुख आतिथ्यमा भएको थियो । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य राम लामिछाने, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ, ११ नम्बर वडा अध्यक्ष गोपाल न्यासुर, १२ नम्बर वडा अध्यक्ष ज्ञानेन्द्र बजगाई, १० नम्बर वडा अध्यक्ष कमलाकुमारी वाईबा, गाउँपालिकाका कृषि अधिकृत सचित रिजाललगायत वडाका सचिव, किसानको उपस्थिति रहेको थियो ।

मौरी पालनको सम्भावना भएकाले पालिकाले घार वितरण गरेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले बताउनुभयो । मौरी पालनको लागि सामान्य लगानीबाट धेरै उपलब्धी हुने भएकाले पालिकाले किसानलाई सहयोग गरेको उहाँको भनाइ छ । गाउँपालिकाको ५० प्रतिशत लगानी र कृषकको ५० प्रतिशत लगानीमा मौरीको घार वितरण गरिएको हो ।

घार वितरण कार्यक्रममा मन्त्री चित्रकारले बकैया गाउँपालिका अरु पालिकाभन्दा छुट्टै हिसाबले अघि बढेको बताउँदै सरकारले देशमा रोजगारी विकास नगरे मुलुक विकास नहुने बताउनुभएको छ । रोजगार देश विकासको जग भएको उहाँको दाबी छ । गाउँमा सडक, बिजुली, विद्यालय भवान निर्माणमा मात्र ध्यान गएको बताउँदै भौतिक विकाससँगै घरमा आर्थिक वृद्धि कसरी गर्न सकिन्छ भनेर अघि बढ्न आवश्यक रहेकोमा उहाँले जोड दिनुभयो । औचित्य निर्माण हुनेगरी विकासको कार्य गर्न आवश्यक रहेको उहाँको भनाइ छ ।

देशमा विभिन्न भौतिक संरचना विकासको लागि अर्थव्यवस्था आवश्यक पर्ने भएकाले सम्पूर्ण अर्थिक स्रोत राजश्व भएको बताउँदै उद्योग विकासमा जोड दिन आवश्यक रहेको उहाँको भनाइ छ । आउने आर्थिक वर्षमा बकैया गाउँपालिकालाई प्रदेश सरकारको तर्फबाट कृषिग्राम कार्यान्वयनमा ल्याउन सक्दो सहयोग गर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो । नेपाल कृषिप्रधान देश भनेता पनि कृषिमा लगानी कम भएको भन्दै कृषि उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो । कृषि उत्पादनलाई व्यावसायीकरण गर्न कृषि नीति आवश्यक रहेको उहाँको भनाइ छ । प्रदेश सरकारले भूमि बैंक नीति निर्माण गर्ने चरणमा रहेकोसमेत मन्त्री चित्रकारले जानकारी दिनुभयो ।

कार्यक्रममा प्रदेशसभा सदस्य राम लामिछानेले प्रदेश सरकारले कृषि उद्यमशीलतालाई जोड दिएको बताउँदै स्थानीय तहलाई बजेट उपलब्ध गराउने र स्थानीय तहले पकेट क्षेत्र छुट्याई उत्पादनमा जोड दिनुपर्ने धारणा राख्नुभयो । स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार मिलेर कृषि उपज वस्तुलाई वैज्ञानिक तवरबाट बजारीकरण गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले कृषकलाई प्रोत्साहनस्वरुप मौरीको घार वितरण गरेको जानकारी गराउनुहुँदै उत्पादित मह बिक्री वितरणको लागि सहकार्य गरिदिने बताउनुभयो । उत्पादनमा जोड दिँदै उहाँले भन्नुभयो, 'तपाईहरु उत्पादन गर्नुहोस्, म तपाईंहरुले उत्पादन गरेको सबै मह बजारीकरणको लागि सहकार्य गर्छु । मह उत्पादन निरन्तर गर्नुहोस् जति भए पनि बिक्री गर्न सकिन्छ ।'

किसानलाई कृषि क्षेत्रमा प्रोत्साहन गर्न पालिकाले विभिन्न कार्ययोजना अघि सारेको बताउँदै केही समयमा नै फलफूलका बिरुवा वितरणको चरणमा रहेकोसमेत अध्यक्ष लामिछानेले जानकारी गराउनुभयो । नेपालमा नै रोजगारी सिर्जना गर्नु पर्छ भन्ने उद्देश्यका साथ पालिकाले योजना लिएर अघि बढेको समेत उहाँले दाबी गर्नुभयो । कृषक उत्पादनमा उत्साहित भएर लागे पालिका साथमा रहेको उहाँको भनाइ छ ।

डढेँलोबाट बचौँ र बचाऔँ ।

- सलाई लाईटरजस्ता प्रज्वलनशिल वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौँ ।
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौँ र गर्ने पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रो गरी निभाऔँ,
- हाम्रो सानो असावधानीले जंगल मात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौँ,

सचेत बनौँ, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔँ ।

पेम्बा लामा
वडा अध्यक्ष तथा
१३ नम्बर वडा कार्यालय परिवार

हार्दिक बधाई

बीबीएम पाँचौं सेमेस्टरको परीक्षामा जिपिए ४ प्राप्त गर्ने ५ जना विद्यार्थीसहित उत्कृष्ट नवौं स्थानसम्म नतीजा हासिल गरी गौरवमय नतीजा प्राप्त गर्ने विद्यार्थीलाई बधाई ज्ञापन गर्दछौं । विद्यार्थीको उत्कृष्ट नतीजाका लागि सहयोग गर्नुहुने प्राध्यापकप्रति पनि आभार व्यक्त गर्दछौं ।

Nepal toppers (4.00 SGPA)



Syeda Aafifa Hasan, Syeda Aatefa Hasan, Ira Lama, Isha Shrestha, Krishtina Dahal

Nepal third toppers (3.98 SGPA)




Unnati Acharya, Rasna Bartaula

Nepal second toppers (3.99 SGPA)



Aayushi Keshari, Utsav Neupane, Utsav Dhungana



ANISH KARKI@3.97 SGPA(nepal 4th), SAMAJ PAUDYAL @3.97 SGPA(nepal 4th), NIRAJ GAUTAM@3.96 SGPA(nepal 5th), AASHMA THEVE@3.96 SGPA(nepal 5th), SAMSED ANSARI@ 3.96 SGPA(nepal 5th), NIRJALA REGMI@3.95 SGPA (nepal 6th), SALINI SINGH@3.94 SGPA (nepal 7th), ANJALI SAPKOTA @3.93 SGPA(nepal 8th), BHUMIKA NEUPANE@3.93 SGPA(nepal 8th), SAGAR KUIKEL@3.92 SGPA(nepal 9th)

डा. शंकरप्रसाद उपाध्याय, क्याम्पस प्रमुख
एवम् मकवानपुर बहुमुखी क्याम्पस परिवार
हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ